काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड

मुख्य कार्यालय त्रिपुरेश्वरको

खुल्ला तथा आन्तरिक प्रतियोगिताको विज्ञापन सम्बन्धमा

जरुरी सुचना

मिति २०७६/१०/१७ मा प्रकाशित आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिता बाट पदपूर्ति गर्ने सम्बन्धि सुचनामा थप जानकारी कम्पनीकोwebsite www.kathmanduwater.org र कम्पनीको मुख्य कार्यालयको सूचना पाटी बाट लिन सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

पदपूर्ति समिति

काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड

# <u>सूचना</u>

मिति २०७६/१०/१७ को गोरखापत्रमा प्रकाशित आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा द्धारा स्थायी पदपूर्ति गर्ने सम्बन्धि सुचनामा निम्नलिखित कुराहरु प्रष्ट पार्नु पर्ने देखि यो सुचना प्रकाशित गरिएको छ ।

१) आन्तरिक प्रतियोगितामा फारम भर्ने कर्मचारीहरुले जुन सेवा, समूह र तहमा फारम भर्ने हो सो भन्दा एक तह मुनिको सेवा, समूह र पदमा बढुवा को लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

२) परीक्षाको किसिम : परीक्षाको हकमा स्वीकृत पाठ्यक्रममा भएको व्यवस्था बमोजिम हुनेछ ।

३) समावेशी तर्फ परीक्षा दिने उम्मेदवारहरुले खुला प्रतियोगिताको लागि तोकिएको दरखास्त दस्तुरको प्रत्येक समावेशी तर्फको लागि आधा रकम थप बुझाउनु पर्नेछ । कुनै उम्मेदवारले खुला तर्फ फारम नभरी समावेशी तर्फ मात्र फारम भरेमा खुलामा तोकिएको परीक्षा दस्तुर पूरा बुझाउनु पर्नेछ । यदि कुनै उम्मेदवारले खुलामा फारम नभरी सोही पद सेवा, समूहमा दुई वा दुई भन्दा बढी समावेशी तर्फ फारम भर्न चाहेमा १ समूह तर्फ पूरा र अन्य थप समूहमा तोकिएको दस्तुरको आधाका दरले बुझाउनु पर्नेछ ।

४) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

५) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तर पुस्तिका रद्ध हुनेछ ।

६)पाठ्यक्रम तथा दरखास्त फारम यस कम्पनीको website : www.kathmanduwater.org बाट डाउनलनोड गरी प्राप्त गर्न सकिनेछ ।